● बर्ष ३१ ● अंक १४ ●२०८२ साउन ३० गते शुक्रबार (15 August 2025) ● पृष्ठ-८ ● मूल्य रु २०/-

पारदर्शिता र सूचनामा पहुँच नै जनतन्त्रको आधार

# प्रतिस्पर्धा

Pratispardha National Weekly ★ राष्ट्रिय साप्ताहिक

# प्लास्टिक प्रदूषण सन्धि सम्बन्धी वार्ता सहमति विना स्थगित

**मन कुमार न्यौपाने**



प्लास्टिक प्रदुषण नियन्त्रणका लागि बाध्यकारी कानुन विकास गर्न संयुक्त राष्ट्रसंघ वातावरणीय कार्यक्रमको आयोजनामा जेनेभामा सुरु भएको बैठक ।

संयुक्त राष्ट्रसंघ वातावरणीय कार्यक्रमको पहलमा सन् २०२२ देखि सहमतिको लागि प्रयास गरिएको विश्वव्यापी प्लास्टिक प्रदुषण नियन्त्रण सम्बन्धी सन्धी जेनेभाबाट पनि स्वीकृत हुन सकेन । सदस्य राष्ट्रहरुबीच सहमति हुन नसक्दा प्लास्टिक नियन्त्रण सम्बन्धी बाध्यकारी कानुन निर्माण गर्ने प्रयास असफल भएको हो ।

सामुद्रिक वातावरण सहितको प्लास्टिक प्रदुषण नियन्त्रण सम्बन्धी अर्न्तराष्ट्रिय कानुनी रुपमा बाध्यकारी उपकरण विकास गर्न आयोजित अन्तर सरकारी वार्ता समिति (आइएनसी ५.२) को बैठक कुनै सहमतिमा पुग्न नसकी स्थगित भएको संयुक्त राष्ट्रसंघ वातावरणीय कार्यक्रमद्वारा जारी विज्ञप्तीमा उल्लेख छ । समितिले अर्को बैठक कहिले र कहाँ गर्ने भनेर घोषणा गर्ने समेत जनाएको छ ।

जेनेभा बैठकमा २ हजार ६ सय भन्दा बढी प्रतिनिधि र पर्यवेक्षकहरु सहभागी थिए । १८३ देशबाट १४०० प्रतिनिधि, १ हजार जना पर्यवेक्षक, ७० जना मन्त्री र उपमन्त्रीहरु तथा ३० जना उच्चस्तरीय प्रतिनिधिहरुले छलफलमा भाग लिएका थिए ।

संयुक्त राष्ट्रसंघ वातावरणीय कार्यक्रमकी कार्यकारी निर्देशक इङ्गर एन्डरसनले आफूहरुले चाहेको सन्धी प्राप्त गर्न नसके पनि प्लास्टिक प्रदुषण विरुद्धको प्रयास जारी रहने प्रतिक्रिया दिएको सो कार्यक्रमद्वारा जारी विज्ञप्तीमा उल्लेख छ । अघिल्लो वर्ष दक्षिण कोरियाको बुसानमा तयार गरिएको प्रस्तावलाई जेनेभामा आधार पत्रको रुपमा प्रस्तुत गरिएको थियो । सत्रको क्रममा अध्यक्षले मस्यौदा पाठ र संशोधित पाठ प्रस्ताव सार्वजनिक गरेका थिए । तर गहिरो छलफल भए पनि यसमा सदस्यहरुको सहमति हुन नसकेको संयुक्त राष्ट्रसंघ वातावरणीय कार्यक्रमले जनाएको छ । सचिवालयकी कार्यकारी सचिव ज्योति माथुर फिलिपले यो समस्यालाई समाधान गर्न साझा प्रतिवद्धतासहित प्रस्तुत हुने बताएकी छिन् ।

जेनेभाको यो सत्र नोभेम्बर र डिसेम्बर २०२४ मा बुसान, दक्षिण कोरियाको निरन्तरताको रूपमा आयोजना गरिएको हो। यसअघि नोभेम्बर २०२२ मा उरुग्वेको पुन्टा डेल एस्टेमा, जुन २०२३ मा फ्रान्सको पेरिस, नोभेम्बर २०२३ मा केन्याको नैरोबी, र अप्रिल २०२४ मा ओटावा, क्यानडामा सम्पन्न भएका थिए। सत्रको क्रममा अध्यक्षले मस्यौ

-बाँकी ८ पेजमा

## राउटेका लागि बन्दै भयो कोरिडोर

सुर्खेत । नेपालको एकमात्र फिरन्ते राउटे समुदायको जीवनशैली र संस्कृतिको संरक्षण गर्दै उनीहरूलाई विकासको मूलधारमा समाहित गर्न कर्णाली प्रदेश सरकारले महत्वाकांक्षी योजना अघि सारेको छ । सरकारले चालु आर्थिक वर्षदेखि राउटे समुदायका लागि 'राउटे कोरिडोर' निर्माण गर्ने भएको छ ।
जंगलमा फिरन्ते जीवन बिताउने, काठका कलात्मक सामग्री बनाएर गुजारा चलाउने र आफ्नै मौलिक भाषा, संस्कृति र परम्परामा रमाउने यो समुदाय हाल १३५ जनाको संख्यामा सीमित छ । राउटेको संख्या हरेक वर्ष घट्दै गएको छ ।
आधुनिकताको प्रभावबाट टाढा रहेका राउटेहरूको परम्परागत जीवनपद्धतिलाई सम्मान गर्दै उनीहरूको भविष्य सुरक्षित गर्न यो विशेष पहल अघि बढाइएको कर्णालीका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले बताए । भण्डारीका अनुसार, राउटे समुदायको विगत १० वर्षको बसोबास स्थलको नक्साङ्कन, राउटे नीति, विभिन्न अध्ययन प्रतिवेदन र संवैधानिक आयोगहरूको सिफारिसका आधारमा यो कोरिडोर निर्धारण गरिने छ । 'यसले उनीहरूको घुमन्ते जीवनलाई व्यवस्थित बनाउनुका साथै उनीहरूलाई आवश्यक सेवा-सुविधा उपलब्ध गराउन

-बाँकी ८ पेजमा

## यही समीकरण अघि बढ्छ : प्रधानमन्त्री

काठमाडौं साउन २९, प्रधानमन्त्री केपी शर्मा ओलीले ०८४ को निर्वाचनसम्म अहिलेकै राजनीतिक समीकरण कायम रहने दाबी गरेका छन् । बुधबार प्रतिनिधिसभा बैठकमा समसामयिक विषयमा आफ्ना धारणा राख्ने क्रममा प्रधानमन्त्री ओलीले यस्तो बताएका हुन् ।

राजनीतिक र नीतिगत स्थिरता कायम गरौं र बिग्रेको अर्थतन्त्रलाई सही बाटोमा फर्काऔं भनेर संसद्का दुई प्रमुख दलहरू मिलेको प्रधानमन्त्री ओलीको भनाइ छ ।

'मुलुकमा राजनीतिक र नीतिगत स्थिरता कायम गरौं र बिग्रेको अर्थतन्त्रलाई सही बाटोमा फर्काऔं भनेर संसद्का दुई प्रमुख दलहरू मिलेर, अन्य दलहरूको समेत सहयोगमा यो सरकार बनेको हो,' उनले भनेका छन् ।

-बाँकी ८ पेजमा

## राष्ट्रिय अनुसन्धानको विधेयक हितविपरीत : एनपी साउद

काठमडौं साउन २९, प्रतिनिधिसभाको बुधबार बसेको बैठकको शून्य समयमा बोल्दै उनले आमनागरिकका फोन कल, म्यासेज र अन्य कुराकानी नियन्त्रण, निगरानी र ट्यापिङ गर्न मिल्ने गरी तयार गरिएको विधेयकको मस्यौदाअनुसार कानुन बने संविधानको मर्मविपरीत व्यक्तिको गोपनीयताको हक खण्डित हुने बताएका हुन्।

२८ साउन, काठमाडौं। नेपाली कांग्रेसका सांसद एनपी साउदले सरकारले तयार गरेको मस्यौदाअनुसार 'राष्ट्रिय अनुसन्धान विभाग ९इन्टेलिजेन्स०सम्बन्धी विधेयक' कानुन बने संविधानको मर्मविपरीत व्यक्तिको गोपनीयताको हक खण्डित हुने बताएका छन्।

प्रतिनिधिसभाको बुधबार बसेको बैठकको शून्य समयमा बोल्दै उनले आमनागरिकका फोन कल, म्यासेज र अन्य कुराकानी नियन्त्रण, निगरानी र ट्यापिङ गर्न मिल्ने गरी तयार गरिएको विधेयकको मस्यौदाअनुसार कानुन बने संविधानको मर्मविपरीत व्यक्तिको गोपनीयताको हक खण्डित हुने बताएका हुन्।

'सरकारले आमनागरिकका फोन कल, म्यासेज र अन्य कुराकानी नियन्त्रण, निगरानी र ट्यापिङ गर्न मिल्ने गरी तयार गरेको 'राष्ट्रिय अनुसन्धान विभाग ९इन्टेलिजेन्स० सम्बन्धी विधे

-बाँकी ८ पेजमा

## प्रधानमन्त्रीद्वारा एलएलडीसीको सम्मेलनबारे संसद्लाई जानकारी

काठमाडौं साउन २८, प्रधानमन्त्री केपी शर्मा ओली भूपरिवेष्टित विकासशील राष्ट्रहरू (एलएलडिसी)को तुर्कमेनिस्तानमा सम्पन्न तेस्रो संयुक्त राष्ट्रसङ्घीय सम्मेलनबारे प्रतिनिधिसभालाई जानकारी गराएका छन् ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा सम्बोधन गर्दै तुर्कमेनिस्तानका राष्ट्रपति सेरदार बेरदिमुहामेदोभ र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसको औपचारिक निमन्त्रणामा साउन २० देखि २३ गतेसम्म (५ देखि ८ अगस्ट) तुर्कमेनिस्तानको अवाजा सहरमा भएको सम्मेलनमा गएको र त्यहाँ आफूले गरेको कामबारे जानकारी गराएका हुन् ।

ओलीले सम्मेलनमा कम विकसित राष्ट्रहरूको विश्वव्यापी समन्वय ब्युरोको अध्यक्षका रूपमा सम्बोधन गरेको जानकारी गराए । सम्मेलनका क्रममा एक उच्चस्तरीय गोलमेच बैठकको

-बाँकी ८ पेजमा

## सन्ततिलाई अध्ययन अनुसन्धानमा लगाउनुपर्ने : मन्त्री गुरुङ

काठमाडौं साउन २४, सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले एआईको प्रयोग कसरी गर्ने भन्ने कुराले भोलिको आदिवासीको भविष्य निर्धारण गर्ने बताउनुभएको छ । विश्व सूचना प्रविधिको तीव्र विकासले आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को विकास र चर्चा भएको सन्दर्भमा मन्त्री गुरुङले त्यस्तो बताउनुभएको हो ।

३१औं विश्व आदिवासी दिवसको सन्दर्भमा नेपाल आदिवासी जनजाति महासंघ (नेफिन)ले आज काठमाडौंमा आयोजना गरेको विशेष मूल समारोहलाई सम्बोधन गर्दै समयअनुसार आदिवासीले आफ्ना सन्ततिलाई विश्वमा चर्चामा रहेका विषयको अध्ययन अनुसन्धानमा लगाउनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, 'बदलिँदो प्रविधिको विकासमा हामीले हाम्रा सन्ततिलाई लगाउनुपर्‍यो ।' विश्वका अन्य मुलुकको तुलनामा नेपालका आदिवासी जनजातिले धेरै अधिकार प्राप्त गरेपनि अझै थुप्रै अधिकार प्राप्त गर्न बाँकी रहेको बताउनुभयो । '२०७२ साल असोज ३ गते संघीय नेपालको संविधान जारी भएपछि नेपालका आदिवासीको मातृभाषाले पनि राष्ट्रिय भाषाको मान्यता प्राप्त गर्‍यो', मन्त्री गुरुङले भन्नुभयो, 'यो हामी आदिवासीको ठूलो उपलब्धि हो । जसका कारण आज थुप्रै मातृभाषा स्थानीय तहमा सरकारी कामकाजको भाषाको रूपमा लागू भएका छन् ।' अहिले राज्यले आदिवासी जनजातिको चाडपर्वमा बिदा दिने गरेको भन्दै त्यो अझै पर्याप्त नभएको उहाँले बताउनुभयो ।

सरकारका प्रवक्ता समेत रहनुभएका सञ्चारमन्त्री गुरुले स्वायत्तताको,स्वशासनको अधिकार हामीले खोजेको भन्दै स्थानीय तह/प्रदेशलाई आफैँले नीति तथा कार्यक्रम, बजेट, ऐन-कानुन बनाउने, स्वशासनको अधिकार दिइएको बताउनुभयो । 'हामी आदिवासीले धेरै उपलब्धि हासिल

-बाँकी ८ पेजमा

## २७ न्यायाधीश नियुक्ति सिफारिसमा बार एसोसिएसनको आपत्ति




काठमाडौं साउन २३, न्यायपालिका जस्तो महत्त्वपूर्ण अंगमा महिला, विभिन्न भौगोलिक क्षेत्र, वर्ग र समुदायको अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित हुनुपर्नेमा, यो नियुक्तिले त्यसलाई अस्वीकार गरेको छ। यस्तो असन्तुलित नियुक्तिले न्यायपालिकामाथि सबैको समान पहुँच र अपनत्वको भावनामा गम्भीर चोट पुर्‍याएको छ ।
नेपाल बार एसोसिएसनले न्याय परिषद्ले बिहीबार उच्च अदालतमा गरेको २७ जना न्यायाधीश नियुक्तिको सिफारिसप्रति आपत्ति जनाएको छ ।
बारका महासचिव केदारप्रसाद कोइरालाले शुक्रबार विज्ञप्ति जारी गर्दै यो नियुक्तिले नेपालको संविधानले परिकल्पना गरेको समानुपातिक समावेशी राज्यको मर्म र भावनालाई पूर्णतः बेवास्ता गरेको उल्लेख गरेका छन्
न्याय परिषद्ले बिहीबार उच्च अदालतको न्यायाधीशमा २७ जनालाई सिफारिस गरेको थियो ।
'न्यायपालिका जस्तो महत्त्वपूर्ण अंगमा महिला, विभिन्न भौगोलिक क्षेत्र, वर्ग र समुदायको अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित हुनुपर्नेमा, यो नियुक्तिले त्यसलाई अस्वीकार गरेको छ । यस्तो असन्तुलित नियुक्तिले न्यायपालिकामाथि सबैको समान पहुँच र अपनत्वको भावनामा गम्भीर चोट पुर्‍याएको छ । न्याय प्रणालीप्रतिको विश्वासलाई कमजोर बनाएको छ,' विज्ञप्तिमा छ ।
न्यायपालिका जस्तो महत्त्वपूर्ण अंगमा महिला, विभिन्न भौगोलिक क्षेत्र, वर्ग र समुदायको अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित हुनुपर्नेमा, यो नियुक्तिले त्यसलाई अस्वीकार गरेको छ । यस्तो असन्तुलित नियुक्तिले न्यायपालिकामाथि सबैको समान पहुँच र अपनत्वको भावनामा गम्भीर चोट पुर्‍याएको छ । न्याय प्रणालीप्रतिको विश्वासलाई कमजोर बनाएको छ,' विज्ञप्तिमा छ ।
यो नेपाल बार एसोसिएसनको सरोकार आफ्ना विगतका

-बाँकी ८ पेजमा

# सम्पादकीय

## त्रिविमा राजनीतीकरणको हद

त्रिभुवन विश्वविद्यालयको उपकुलपति पदबाट प्रा.डा. केशरजंग बरालले राजीनामा दिएपछि उच्च प्रकारको राजनीतिकरण हुन थालेको गुणासो आइरहेको छ । माथिल्लो तहदेखि तल्लो तहसम्म हल्लो मात्रै हुने र पढाईको गुणस्तरमा ध्यान नै नदिने, आफ्नो सूचना साइटमा विद्यार्थीका लागि सूचनाहरु समयमा नै नराख्ने गर्नाले विद्यार्थीहरुले निकै असुविधा भोग्नु परेको जानकारी विभिन्न सञ्चार माध्यममा आइरहेको सबैलाई जानकारी नै छन् । केशर जङ्ग वरालको त्रिविको शिक्षालाई ३ वर्षे बनाउने, त्रिविमा भएको राजनीतिकरण न्यूनिकरण गरि शिक्षालाई गुणस्तरीय बनाउने गरेको प्रतिवद्धता देखेर जानी जानी वरालाई असहयोग भएको पनि सुन्नमा आएका थिए ।

उनले राजीनामा र त्यससँग जोडिएको विषयमा पर्याप्त विमर्श आवश्यक नगरेको, उनले पदबाट राजीनामा बुझाउनुको पृष्ठभूमिकै कारण पनि यो विषयमा पर्याप्त छलफल आवश्यक परेको हो किनकि उनको राजीनामा त्रिविको राजनीतिमा भइरहेको राजनीतिससँग जोडिएको देखिन्छ । नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री हुँदा वराल त्रिविको उपकुलपति नियुक्त भएका थिए । उनको नियुक्तिलाई लिएर सत्तारूढ नेकपा एमाले र नेपाली काँग्रेसका नेताहरू सन्तुष्ट थिएनन् । विशेषगरी एमालेमा धेरै असन्तुष्टि थियो ।

एमाले अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओली र महासचिव शंकर पोखरेलले सार्वजनिक रूपमै वरालको कार्यसम्पादनलाई लिएर असन्तुष्टि जनाउँदै आएका थिए । कुलपतिसमेत रहने प्रधानमन्त्री ओली सहभागी भएको त्रिवि सिनेट बैठकमा दलीय पक्षधरता राखेर मतभेद नै भएको थियो । प्रधानमन्त्री ओलीप्रति असन्तुष्टि जनाएर गरिएको प्रश्नलाई सार्वजनिक गरिएपछि उपकुलपति वरालसँग एमालेको दूरी झनै बढेको थियो । माओवादी सरकारमा रहँदा नियुक्त भएकै वरालको पक्षपोषण गर्ने र सत्तारूढले असहयोग गर्ने प्रवृत्ति सार्वजनिक रूपमै छताछुल्ल बनेको थियो । अन्ततः उपकुलपति पदबाट राजीनामा दिएर वराल बाहिरिएका त्यहाँको हालीमुहाली तिनै दुईदलकाहरुले गर्न थालेको आरोप लाग्न थालेको छ । वरालको राजीनामा पछि सत्तारूढलाई नयाँ उपकुलपति नियुक्त गर्ने बाटो खुलेको थियो । झट्ट हेर्दा सामान्य लागे पनि यो निकै गम्भीर कुरा हो ।

त्यसै पनि त्रिविको शैशिक गुणस्तरमाथि प्रश्न उठ्दै आएको छ । थप शिक्षाका निम्ति विदेशिने दर बढिरहँदा त्रिविमा भइरहेको राजनीतीकरणको प्रशंग उठ्ने गरेको थियो । अति राजनीतिकरणकै कारण त्रिविको क्यालेण्डर प्रभावित हुने र योग्य जनशक्ति निर्माण हुन नसकेको टिप्पणी हुने गरेको छ । कर्मचारी नियुक्ति सँधै विवादमा पर्ने गरेको छ । क्याम्पस प्रमुख नियुक्तिको विवादले शैक्षिक वातावरण बिग्रनु सामान्य जस्तै भइरहेको छ । अझ उपकुलपति पदमै दलीय निकटताका कारण नियुक्त हुने अथवा राजीनामा दिनुपर्ने परिस्थिति निकै गम्भीर विषय हो । त्रिविलाई यस्तो प्रवृत्तिले शैक्षिक क्षेत्रमा धरासायी बनाउँदैन अनियमितता पनि निम्त्याउँछ । यसले शिक्षामा सुधार गर्न सहयोग गर्दैन । तसर्थ, वराल राजीनामा प्रकरणमा सघन विर्मश गरिनुपर्थ्यो गरेन त्यसकारण आज शिक्षामा निकै राजनीतिकरण बढ्दै गएको चर्चा चलेको छ । त्रिवि राष्ट्रको भविष्य निमर्ाण गर्ने एउटा प्राज्ञिक उत्पादन गर्ने क्षेत्र हो । यसले पछिसम्म असर पुर्‍याउँछ भनेर सरकारले सोच्नु पर्छ । आगामी दिनमा यस्ता कमजोरी हुन नदिन पनि यो विषयलाई एउटा निचोडमा लैजानुपर्छ ।

# नैतिकता भनेको साफ्चो कुरा बोल्नु र गर्नु हो

**नेपालको ठूलो जनसंख्या कृषि पेशामा निर्भर छ । किसानहरू देशका मेरुदण्ड हुन् भन्ने कुरा सबैले भन्छन्, तर उनीहरूको अवस्था भने दिनदिनै कमजोर हुँदै गइरहेको छ। सरकारले घोषणा गर्ने अनुदान, सहुलियत ऋण, बीउबिजन र मलखाद समयमै किसानसम्म पुग्दैन ।**



प्रेमचन्द्र झा

नैतिकता भन्नाले सच्चा कुरा बोल्नु, राम्रो व्यवहार गर्नु, गलत काम नगर्नु, अरूको सम्मान गर्नु, इमानदार हुनु र आफ्नो कर्तव्य पुरा गर्नु नै नैतिकता हो । यो कुनै किताबमा मात्र लेखिएको कुरा होइन, हाम्रो जीवनको हरेक पाटोमा लागू हुने व्यवहार हो। हामी कुन कुरालाई राम्रो र कुन कुरालाई नराम्रो मान्छौं भन्ने कुरा पनि नैतिकताको आधारमा तय हुन्छ । नेपाल जस्तो विविधताले भरिएको देशमा, जहाँ विभिन्न जात, धर्म, भाषा र संस्कृतिका मानिसहरू एउटै समाजमा बस्छन्, त्यहाँ नैतिकता झनै महत्वपूर्ण हुन्छ। जब व्यक्ति, परिवार, समाज, संस्था, र राज्य सबैमा नैतिकता हुन्छ, तब मात्र एउटा सभ्य, समृद्ध र न्याययुक्त देश बन्न सक्छ ।

तर अहिलेको समयमा नेपालमा नैतिकताको स्थिति कमजोर हुँदै गएको छ। मानिसहरू पैसा, पद, पहुँच र व्यक्तिगत फाइदाको पछि लागेर नैतिक मूल्य भुल्दै गएका छन्। राजनीति, प्रशासन, शिक्षा, स्वास्थ्य, व्यापार, सञ्चार, कृषि, सेवा सबै क्षेत्रमा अनैतिकता बढ्दो छ । यस्तो अवस्थामा नैतिकता के हो, कसरी हराउँदै गइरहेको छ, र कसरी पुनःस्थापना गर्न सकिन्छ भन्ने बारे गहिरो रूपमा बुझ्नु आजको आवश्यकता हो ।

नैतिकता भनेको आत्मभान हो–आफ्नो व्यवहार, निर्णय र सोचमा के सही हो, के गलत हो भन्ने छुट्याउने चेतना। नैतिकता कुनै कानून होइन, तर यसले कानुनभन्दा गहिरो असर पार्छ । जसको मनभित्र नैतिकता हुन्छ, उसले कसैले नहेर्दा पनि राम्रो काम गर्छ, झूट बोल्दैन, चोरी गर्दैन, अरूलाई दुख नदिई आफ्नो काम गर्छ । नैतिकता जीवनका धेरै पक्षसँग जोडिएको हुन्छ–जस्तै सत्यता, ईमानदारी, सहिष्णुता, कर्तव्यबोध, करुणा, अनुशासन, जिम्मेवारी, आत्मसंयम, सेवा भावना, र पारदर्शिता । जब यी गुणहरू व्यक्ति र संस्थामा हुन्छन्, तब नै समाज न्यायपूर्ण र सुरक्षित हुन्छ ।

नेपालमा सबैभन्दा बढी नैतिकताको प्रश्न राजनीति क्षेत्रमा उठाइन्छ। नेताहरूले चुनावमा जनतालाई अनेक वाचा गर्छन्–तर सरकार बनेपछि ती वाचा बिर्सिन्छन् । पदको दुरुपयोग, भ्रष्टाचार, आपसी लडाइँ, भागबन्डा र पहुँचको राजनीति आज नेपाली राजनीतिमा सामान्य बनिसकेको छ। कतिपय नेताहरू जनताको सेवा गर्नुको सट्टा सत्तामा टिकिरहन, आफन्त र कार्यकर्तालाई लाभ दिन, र आफू धनी बन्न राजनीति गर्छन् । दलहरूले घोषणा पत्रमा जे लेख्छन्, व्यवहारमा त्यो देखिँदैन। संसद जस्तो उच्च निकायमा पनि विचारभन्दा शक्ति प्रदर्शन बढी देखिन्छ ।

राजनीतिमा नैतिकता भन्नाले सत्ताको लोभ नलिने, जनतासँग गरेको वाचा पुरा गर्ने, सार्वजनिक सम्पत्तिलाई आफ्नो सम्पत्ति नठान्ने, पारदर्शी निर्णय गर्ने, भ्रष्टाचार नगर्ने, र राष्ट्रहितलाई प्राथमिकता दिने–यिनै हुन् राजनीतिक नैतिकताको मूल तत्व। जब नेताहरू नैतिक हुन्छन्, तब मात्र जनताले पनि राजनीतिलाई सम्मान गर्न थाल्छन् ।

सरकारी कर्मचारीहरूलाई प्रायः "जनताको सेवक" भनिन्छ। तर आजको यथार्थ त्यो भन्दा धेरै टाढा छ। सरकारी कार्यालयमा काम गराउन जानु भनेको घण्टौं कुर्नु, फाइल खोज्नु, सिफारिस ल्याउनु, र कहिलेकाहीं घूस खुवाउनु भन्ने बुझिन्छ । धेरैजसो कर्मचारीहरू काममा ढिलो पुग्छन्, समयमै फाइल नहेर्छन्, सेवाग्राहीलाई हेलचेक्र्याउँ गर्छन् । कतिपयले त ठूला नेतासँगको सम्बन्ध देखाएर गैरकानुनी काम गरिदिन्छन् । सरकारी योजना, अनुदान, ठेक्कापट्टा, भर्ना, सरुवा आदि सबैमा पारदर्शिता नभएको गुनासो सर्वत्र सुनिन्छ । राष्ट्रसेवक कर्मचारीहरूमा कार्यक्षमता, समयपालन, निष्पक्षता, उत्तरदायित्व, सेवा भावना, इमानदारी, र कर्तव्यप्रति निष्ठा हुन जरुरी छ। जब कर्मचारीहरू आफ्नो कामलाई धर्म सम्झेर गर्छन्, तब जनताले पनि सरकारी सेवा प्रति भरोसा राख्न थाल्छन् ।

महिला समाजको आधा हिस्सा हुन् । उनीहरू घर, समाज र राष्ट्रको विकासमा समान रूपमा महत्वपूर्ण छन् । तर लामो समयसम्म महिलालाई दोस्रो दर्जाको नागरिकजस्तो व्यवहार गरिएको इतिहास छ। पछिल्ला वर्षहरूमा शिक्षा, रोजगार, राजनीति, र कानुनी अधिकारमा प्रगति भए पनि व्यवहारिक रूपमा महिला अझै पनि धेरै समस्यामा छन्। केही महिला सशक्त भए पनि अवसरको दुरुपयोग, पहुँच र राजनैतिक संलग्नताका कारण अनैतिक गतिविधिमा पनि संलग्न भएको पाइन्छ। कतिपय महिलाले योजनाको नाममा लाभ लिने तर काम नगर्ने, संगठित रूपमा दबाब दिने, पदको दुरुपयोग गर्ने गरेका उदाहरण पनि छन्। महिलामा आत्मसम्मान, पारिवारिक जिम्मेवारी, सामाजिक न्यायमा विश्वास, ईमानदारी, र सहिष्णुता हुन जरुरी छ । महिला सशक्तीकरण केवल कानुनी अधिकारले मात्र होइन, नैतिक जिम्मेवारीले पनि पूर्ण हुन्छ।

विद्यार्थीहरू राष्ट्रको भविष्य हुन् भन्ने भनाइ सबैले सुनिसकेका छन्। तर आजका विद्यार्थीहरू राजनीतिक दलका समर्थक भएर आफू पढ्न भन्दा बढी अरूलाई दबाब दिने काममा लागेका छन्। शिक्षण संस्था भित्र हड्ताल, तोडफोड, गुरु-शिष्य सम्बन्धमा गिरावट, नकल, अनुशासनहीनता आदिले नैतिक मूल्य खस्किरहेको देखिन्छ। शिक्षा भनेको केवल किताबको ज्ञान होइन, जीवनको आचरण हो। विद्यार्थीमा समयको मूल्य बुझ्ने, इमानदारीपूर्वक अध्ययन गर्ने, शिक्षक र अभिभावकको सम्मान गर्ने, विचार र व्यवहारमा सन्तुलन राख्ने क्षमता विकास हुनु आवश्यक छ ।

नेपालको ठूलो जनसंख्या कृषि पेशामा निर्भर छ । किसानहरू देशका मेरुदण्ड हुन् भन्ने कुरा सबैले भन्छन्, तर उनीहरूको अवस्था भने दिनदिनै कमजोर हुँदै गइरहेको छ। सरकारले घोषणा गर्ने अनुदान, सहुलियत ऋण, बीउबिजन र मलखाद समयमै किसानसम्म पुग्दैन । कतिपय अवस्थामा किसानहरू आफू उत्पादन गर्नुभन्दा पनि विदेशबाट आएको वस्तु उपभोग गर्न बाध्य छन्। केही किसानले अनुदानको दुरुपयोग गर्ने, झूटा कागजात बनाउने, सहकारीमा अनियमितता गर्ने जस्ता व्यवहार पनि देखिन्छ । यस्तो प्रवृत्तिले सबै किसानको नाम बदनाम हुन्छ। अर्कातर्फ, सरकारको कमजोरी र बजार व्यवस्थापनको अभावले गर्दा पनि किसानहरू हतोत्साहित भएका छन्। किसानमा इमानदारी, सहयोगी भावना, पारदर्शिता र मिसावटविहीन उत्पादन गर्नु अत्यावश्यक हुन्छ ।

व्यापारीहरू समाजका आर्थिक इञ्जिन हुन् । उनीहरूकै माध्यमबाट सामान, सेवा र उत्पादन जनतासम्म पुग्छ। तर आज नेपालमा व्यापारिक नैतिकता कमजोर हुँदै गएको छ। नाफा कमाउने लोभमा नापतौलमा बेइमानी, म्याद सकिएको सामान बेच्ने, गुणस्तरहीन उत्पादन, मिसावट, कृत्रिम अभाव सिर्जना गर्ने, मूल्य बढाउने, कर नतिर्ने, सरकारी अनुगमन छल्ने जस्ता कार्यहरू देखिन्छन्। व्यापार केवल मुनाफाका लागि होइन, समाजप्रतिको उत्तरदायित्वसहितको पेशा हो। ग्राहक ठगेर कमाएको पैसा दीर्घकालीन हुँदैन। व्यापारीमा सत्य र पारदर्शी कारोबार, गुणस्तरको सम्मान, करको पालन, ग्राहकको सम्मानजस्ता गुण आवश्यक छन् ।

नेपालमा विभिन्न पेशा गने व्यक्तिहरू–जसमा डाक्टर, इञ्जिनियर, पत्रकार, शिक्षकजस्ता सम्मानित व्यक्तिहरू छन्–तिनीहरूलाई समाजले ठूलो आदर गर्छ। तर हालका दिनमा यिनै पेशामा पनि नैतिकताको गिरावट देखिँदै गएको छ। डाक्टरहरूमा करुणा, संवेदनशीलता, समयको कदर, र बिरामीप्रतिको सहानुभूति अत्यावश्यक छ । इन्जिनियरहरूमा गुणस्तरीयता, पारदर्शिता, प्राविधिक इमानदारी, र राष्ट्रप्रतिको जिम्मेवारी जरुरी छ । पत्रकारहरूमा सत्य, निष्पक्षता, स्रोतको गोपनीयता, र जनताको हितमा काम गने भावना हुनुपर्छ। शिक्षकहरूमा आत्मबल, ज्ञानको निष्ठा, विद्यार्थीप्रतिको माया, र साँचो गुरु बन्ने भावना अनिवार्य छ ।

आजको युग सञ्चारको युग हो। मिडिया र सामाजिक संजालको हो ।आजको युग सञ्चारको युग हो। मिडिया र सामाजिक संजालको प्रभाव अहिलेको समाजमा अत्यन्त बलियो छ । सूचना, समाचार, विचार, बहस र चेतना जनतासम्म पुर्‍याउने काम यिनै माध्यमबाट हुन्छ। तर सूचना भन्दा अपप्रवाह, सत्य भन्दा सनसनी, शिक्षाप्रद कुरा भन्दा विवादास्पद सामग्रीहरू बढी प्रस्तुत हुने क्रम बढेको छ। कुनै पनि विषयको पुष्टि नगरी समाचार बनाउने, वा सामाजिक संजालमा अफवाह फैलाउने काम बढ्दो छ। कतिपय मिडिया संस्थाहरू राजनीतिक स्वार्थमा काम गरिरहेका छन् भने कतिपय सामाजिक सञ्जाल प्रयोगकर्ताहरू अरूको चरित्र हत्या गर्न, जातीय घृणा फैलाउन वा झूठो समाचार फैलाउन सक्रिय देखिन्छन् ।

संचार माध्यम र सामाजिक सञ्जालमा सत्य, विवेक, शिष्टता, र सहनशीलता हुनु अत्यावश्यक छ। जसरी कागजको समाचार विश्वासिलो हुनुपर्छ, त्यसैगरी डिजिटल पोस्ट पनि साँचो, प्रमाणमा आधारित र समाज हितमा हुनुपर्छ। अरूको गोपनीयता, आत्मसम्मान, र सामाजिक सद्भावलाई असर पुर्‍याउने कुनै पनि सूचना अनैतिक हुन्छ। त्यसैले मिडिया र सामाजिक संजाल प्रयोगकर्ताले आफू जिम्मेवार नागरिक भएको प्रमाण दिनुपर्छ ।

हाम्रो समाजको आधार भनेको नागरिक नै हो। हरेक नागरिकले आफू जहाँ छ, जस्तो छ, त्यहीँबाट नैतिक व्यवहार गर्न सुरु गरे भने समाज बदलिन धेरै समय लाग्दैन। सार्वजनिक ठाउँमा फोहोर नगर्नु, लाइनमा पालो पालना गर्नु, कर तिर्नु, झूट नबोल्नु, सवारी नियम पालना गर्नु, सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु, छिमेकीसँग सहिष्णु व्यवहार गर्नु–यी सबै साधारण लाग्ने कामहरू नै हाम्रो नैतिकता हो ।

# नारायण सुवेदीको स्वर, समिप आचार्यको शब्दमा नयाँ गित सार्वजनिक

काठमाडौं साउन २७, प्रेमको यात्रा कहिलेकाहीँ फूलजस्तै सुगान्धत लाग्छ तर अन्त्यमा त्यहि प्रेमले काँडाले जस्तै पिडादायी घाउ दिन्छ । प्रेमको यात्रामा प्रेम थोरै, निराशा, विरह, बेदना, आँसु, वियोग धेरै सहन पर्छ । माया, प्रेममा मिलन भन्दा पनि निराशाको खेल हुन्छ भन्ने भावको गीत “भो यो माया, ले व्यक्त गरेको छ । गीतले प्रेममा टुटेका आशा र एक्लोपनको बन्धन बोलेको छ । नारायण सुवेदी ‘आभास’को स्वर तथा समीप आचार्यको शब्द र संगीतमा सार्वजनिक भएको गीत “भो यो माया” ले यही यथार्थलाई हृदयस्पर्शी ढंगले प्रस्तुत गरेको अनुभूति गीत हेर्दा तथा सुन्दा महशुष हुन्छ । उदयराज पौडेलको एरेञ्जमेन्ट, किशोर थापाको मिक्सिङ,मास्टरिङ र मोनीश चामिलङको रेकर्डिङले गीतलाई पूर्णता दिएको छ । साथै, सरंगीमा हेमन्त रसाइली र बाँसुरीमा रत्न बीकेको बेजोड वाद्य संयोजनले गीतमा मौलिकता थपेको छ ।




भिडियो तर्फ कलाकारहरु किरण तामाङ र ललिता थापाले प्रेम र पीडाको मार्मिक कथा प्रस्तुत गरेका छन् । कर्ण बहादुर खड्काको छायाँकन, सुन्दर क्षेत्रीको सम्पादन र मिना बुढाथोकी सावित्रीको निर्देशनले यो भिडियोलाई उत्कृष्ट कलाकृति बनाएको छ ।

गीतकार आचार्यले गीतमा कहिले मायालुको छायाँमा नै हराउने, कहिले त्यहि मायामा छलकपट भेटिने, कहिले बाटो बिराएर भौतारिने त कहिले मायामा गरिएका बाचा बन्धनमा दरार आउने जस्ता अवस्थाहरूलाई बिम्ब र प्रतीकमार्फत उजागर गरेका छन् । गीतमा प्रेममा धोका पाएको पात्रको पीडालाई भावनात्मक रूपमा व्यक्त गरिएको छ जसले श्रोतालाई प्रेमको मीठाससँगै त्यसले ल्याउने पीडा र बिछोडको गहिरो यथार्थमा डुबाउँछ ।

गीत ‘भो यो माया’ मा प्रेमको बाटोमा आएको भ्रम र दिशाहीनतालाई प्रष्टाइएको छ । प्रेमको यात्रा सधै एकनासको हुदैन, विभिन्न आरोह अवरोहहरु आउँछन् तर सहजतामा रमाउने र असहजतामा साथ छोड्ने गर्दा प्रेमिल मनमा पिडावोध हुन्छ, प्रेममा उकालो जस्तो कठिन र ओरालो जस्तो सहज परिस्थिति दुवै हुन सक्छ तर बाटो हराउँदा त्यसले पीडा मात्र दिन्छ । सहज, असहज दुवै परिस्थितिमा प्रेमिल रहन सके मात्र प्रेम सफल हुन्छ भन्ने सन्देश पनि गीतमा रहेको छ । मंसिरमा बिहे गने कुरा, चाडै फर्कि आउने कुराले मनमा एउटा दरिलो विसवास दिलाएको थियो तर दिएको वाचा र त्यसको टुटाईले सम्वन्धमा ठुलो खाडल परेको छ जुन भावलाई गीतमा अत्यन्त मार्मिक रूपमा व्यक्त गरिएको छ । प्रेमको यात्रा यति कठिन भइसकेको छ कि अब सहन सक्ने शक्ति सकिएको अनुभूति भएको छ । मायामा ‘आफै रुनु पर्ने’ अवस्था ले मायामा साथको अपेक्षा भए पनि अन्ततः एक्लै पीडा भोग्नुपर्ने बास्तविकता र विडम्बना दर्शाइएको छ । माया निस्वार्थ हुनु पर्छ, समर्पित भाव हुनु पर्छ, मायामा छलकपट हुनु हुदैन मायामा हुने ‘छल’ ‘जालझेल’ ले मायामा धोका भएको जनाउँछ भने मायामा आउने ‘भल’ ले अप्रत्याशित घटना, बिपरीत परिणाम वा नसोचेको चोटको अर्थ दिन्छ। गीतले यी भावहरुलाई प्रष्ट गरेको छ । ‘छल’ र’ भल’ दुवै मायामा दरार ल्याउने विम्व हुन् ।

गीतले प्रेमको आकर्षण र विछोडको अप्रिय सत्य दुवैलाई प्रस्तुत गरेको छ । माया सुरुवातमा मीठो खेल जस्तो लागे पनि अन्त्यमा यसले जेलझैँ बाँध्छ, पिर र आँसु मात्र दिन्छ । सत्य यहि हो कि माया सजिलो हुँदैन र यसबाट टाढा हुनु नै मुक्ति हो । गीतका हरफहरूले प्रेमको मीठासभन्दा बढी प्रेमले दिने पीडा, धोका र निराशाको गहिरो अनुभूतिको चित्रण गरेको छ । गीतकारले प्रेमलाई अनेकौं रूपमा सम्बोधन गर्दै यसको असली अनुहार उघारेका छन् ।

गीत सुन्दै जाँदा, श्रोता स्वयं प्रेमको मीठो सुरुवातबाट तीतो अन्त्यसम्मको यात्रामा सहभागी भएको अनुभूति हुन्छ ।’भो यो माया’ केवल एउटा गीत मात्र होइन, धेरैले भोग्ने अधूरा प्रेमकथाको सामूहिक स्वर हो जहाँ मायाले सुरुवातमा सपनाको संसार सजाउँछ तर अन्त्यमा आँसु, विरह, बेदना र सम्झनाको बन्धन बाँधेर हृदयलाई कैदी बनाइदिन्छ ।

## बुद्धको देश नेपाल विमोचन



*काठमाडौं साउन २७, महाकाव्यकार खेमनाथ दाहालको राष्ट्रिय भावको गीत ‘बुद्धको देश नेपाल’ विमोचन गरिएको छ । काठमाडौंमा आइतबार एक विशेष समारोहबीच नेपाल संस्कृत विश्वविद्यालयका कुलपति प्राडा.कुलप्रसाद कोइरालको प्रमुख आतिथ्यता र वरिष्ठ पत्रकार, साहित्यकार एवं हिमालय टाइम्स दैनिकका प्रधान सम्पादक पुरुषोत्तम दाहालको सभापतित्वमा उक्त गीतको भिडियो स्विच अन गरेर विमोचन गरिएको हो ।*

*कीर्तिमानी संगीतकार सन्तोष श्रेष्ठको स्वर र संगीत रहेको यो गीत महाकाव्यकार दाहालको ‘श्वेतपत्र’ महाकाव्यबाट साभार गरिएको हो । राजु कार्कीको संगीत संयोजन, एसबी मुस्कानको संगीत सञ्चयक, प्रकाश मिश्रको संगीत सम्पादक रहेको गीतलाई अकस्टिक स्टुडियोमा रेकर्डिङ गरिएको हो । राजन खरेलको छायांकन एवं दृश्य सम्पादन रहेको गीतको भिडियोमा खेमनाथ दाहाल, उषा दाहाल, सन्तोष श्रेष्ठ र कृष्ण भुसाललाई फिचरिङ गरिएको छ । गीतको दृश्य सम्पादन कक्ष कलिउड हव रहेको छ । गीतको भिडियो संगीतकार एवं गायक सन्तोषको अफिसियल युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ ।*

*मिलाप मासिकको आयोजना र चलचित्र विकास बोर्डका सदस्य गणेश सुवेदीले सहजीकरण गर्नुभएको कार्यक्रममा कृष्ण भुसालले स्वागत मन्तव्य राख्नुभएको थियो । उहाँले कीर्तिमानी संगीतकार श्रेष्ठले साहित्यलाई संगीतसँग जोडर पृथक काम गर्दै आएको चर्चा गर्दै त्यसको पछिल्लो कडिका रूपमा श्वेतपत्र महाकाव्यको यो गीत रहेको बताउनुभयो । श्वेतपत्र महाकाव्यमा भएका श्लोकलाई गीतका रूपमा प्रस्तुत गर्नका लागि आफूले धेरै मिहिनेत गरेको सुनाउँदै संगीतकार तथा गायक श्रेष्ठले आफ्नो पृथक कार्य गने शैलीलाई पछ्याउँदै जाँदा यो गीत तयार भएको जिकिर गर्नुभयो । उहाँले गजलकार घनेन्द्र ओझासँगको सहकार्यमा गजलको स्वर्ण दशक कार्यक्रम गरिरहेको जानकारी गराउँदै श्वेतपत्रबाट अन्य केही गीत पनि श्रोता/दर्शकमाझ ल्याउने तयारीमा रहेको बताउनुभयो ।*

*महाकाव्यकार दाहालले श्वेतपत्र महाकाव्यको चर्चा गर्दै आफूले विभिन्न ठाउँ र परिवेशमा कतै वाही-वाही पाएको र कतै गाली खाएको बताउनुभयो । उहाँले भारतका केही ठाउँमा जाँदा यो कृतिका विषयमा अनावश्यक झण्झट बेहोर्नु परेको पनि सुनाउनुभयो । वरिष्ठ संगीतकार राजु सिंहले साहित्यलाई संगीतसँग जोडनु एकदमै राम्रो काम भएको भन्दा स्रष्टा सर्जकलाई बधाई तथा शुभकामना दिनुभयो । उहाँले नेपाली संगीत इतिहासको चर्चा गर्दा नयाँ-नयाँ प्रयोगले यस क्षेत्रलाई अझ समृद्ध तुल्याएको बताउनुभयो ।*

हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

भीमफेदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिमफेदी मकवानपुर

# पूर्वाधार विकास गर्न सरकारले ल्यायो खर्बको कोष

काठमाडौं । वैकल्पिक वित्त परिचालनका लागि सरकारले ल्याएको विधेयक यतिवेला प्रतिनिधि सभाअन्तर्गत अर्थसमितिमा छ । र यसलाई समितिबाट फास्ट ट्र्याकमा पास गर्नेगरी सरकार लागिपरेको छ । दफावार छलफल भइरहेको बापिन्यासम्बन्धी विधेयकलाई छाडेर समिति 'वैकल्पिक विकास वित्त परिचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१' पहिला पास गर्ने दाउमा छ ।

सरकारले ल्याएको यो विधेयकबारे बाहिर खासै बहस हुन पनि पाएको छैन । बाहिर चर्चा हुन नपाउँदै सरकार यो विधेयक संसद्बाट समिति हुँदै चाँडै पास गर्ने तयारीमा लागिपरेको छ । अनि वैकल्पिक वित्तसम्बन्धी कानुन तत्कालै ल्याएर सरकार नयाँ सरकारी संस्थान 'वैकल्पिक वित्त कोष' जन्माउने सुरमा देखिएको छ ।

तर यसमा ठुलो खुसी मान्नुपर्ने ठाउँ नभएको बरु यसले राज्यलाई थप भार बढाउने विज्ञहरू बताउँछन् । साथै यो परम्परागत शैलीको निरन्तरता पनि भएको उनीहरूको भनाइ छ ।

सरकारले एक स्वायत्त संस्थाका रूपमा 'कोष' स्थापना गर्ने प्रावधानसहित यो विधेयक ल्याएको हो । प्रतिनिधिसभाको असार ३१ गतेको बैठकले यो विधेयक 'वैकल्पिक विकास वित्त परिचालन विधेयक, २०८१ स्वीकृत गरेको थियो । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले प्रस्तुत गरेको उक्त विधेयकलाई बैठकले सर्वसम्मतिले स्वीकृत गरेको थियो ।

विकास आयोजनाका लागि परम्परागत वित्तीय स्रोत अपर्याप्त रहेको, राजस्वले मात्रै विकासका लागि आवश्यक स्रोत जुटाउन नसकिरहेको र बजेटमा पुँजीगत खर्चको हिस्सा कम भइरहेको भन्दै पूर्वाधार विकास गर्न वैकल्पिक वित्त परिचालन गर्न कोष बनाएर जाने गरी सरकारले विधेयक ल्याएको बताएको छ ।

सरकारकै स्वामित्वमा रहने यस्तो संस्थाको अधिकृत पुँजी १ खर्ब रुपैयाँ र चुक्ता पुँजी २५ अर्ब रुपैयाँ हुने गरी प्रस्ताव गरिएको छ । वाणिज्य बैंकहरूको भन्दा पनि कम चुक्ता पुँजी हुने गरी ल्याउन लागिएको सरकारी संस्थाले राज्यलाई थप भार बढाउने विज्ञहरूको तर्क छ ।




### विगतमा पनि धेरै बने

सरकारले विगतमा पनि यस्तै प्रकृतिको काम गर्ने संस्था स्थापना गरिसकेको छ । तर उस्तै प्रकृतिका काम गर्ने संस्था खोल्ने र केहीलाई रोजगारी दिनेबाहेक अन्य काम भएको देखिँदैन । १० वर्षअघि नेपालमा लोडसेडिङको ठुलो समस्या थियो । काठमाडौं उपत्यकामै पनि दैनिक १८ घण्टासम्म पनि लोडसेडिङ हुन्थ्यो । मुलुकमा जलविद्युत् आयोजनाहरूको सम्भावना भने ठुलो थियो । तर जलविद्युत् क्षेत्रमा लगानी गर्ने छुट्टै संस्था थिएन ।

त्यसवेला वाणिज्य बैंकहरूकै चुक्ता पुँजी पनि २ अर्ब रुपैयाँ मात्रै थियो । यति चुक्ता पुँजी भएका देशका बैंकहरूले जलविद्युत् आयोजनामा ठुलो लगानी गर्न सक्दैनथे । त्यसैवेला २०६८ सालमा नेपाल सरकारको लगानीमा हाइड्रो इलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआईडीसीएल)को स्थापना गरिएको थियो ।

तर उक्त संस्था जुन उद्देश्यले स्थापना भएको थियो, त्यस आधारमा सञ्चालन हुन सकेको छैन । अहिले एचआईडीसीएल जलविद्युत्मा लगानीभन्दा पनि निक्षेपको रूपमा बैंकमा पैसा जम्मा गरेर ब्याज खाएर बसेको अवस्थामा छ । नेपालको ऊर्जा क्षेत्रको विकास र विस्तारका लागि स्थापना गरिएको कम्पनी अपेक्षाअनुरुप सञ्चालन हुन सकेको छैन । एचआईडीसीएलको २२ अर्ब रुपैयाँ चुक्ता पुँजी छ ।

त्यस्तै, २०७५ साल फागुन २२ गते पूर्वाधार विकासमा ठुलो फड्को मार्ने भन्दै सरकार तथा निजी क्षेत्रको लगानीमा नेपालमा पहिलो पूर्वाधार विकास बैंकको रूपमा नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड (निफ्रा) स्थापना भएको थियो ।

निफ्रामा सरकारको प्रत्यक्ष १० र नेपाल पुनर्बिमा कम्पनीमार्फत करिब १.१७ प्रतिशत अप्रत्यक्ष लगानी गरी जम्मा ११.१७ प्रतिशत लगानी छ । अहिले जुन उद्देश्य राखेर वैकल्पिक वित्त परिचालन कोष स्थापना गरी पूर्वाधार विकासमा आमूल परिवर्तन गर्ने भनिएको छ, यी दुई संस्था स्थापना गर्दा पनि सरकारले यस्तै नारा लगाएको थियो । तर स्थापनाको १४ वर्ष हुँदा पनि जलविद्युत् उत्पादन नभएर सुख्खायाममा अहिले पनि लोडसेडिङ भोग्नुपरेको अवस्था छ ।

पूर्वाधार विकासमा लगानी गर्ने निफ्राले पनि राष्ट्र बैंकको गाइडलाइनमा काम गर्नुपने भएकाले यसको हैसियत पनि वाणिज्य बैंकभन्दा माथि देखिएन । अर्थात् सरकारले विकासका लागि पूर्वाधार तयार पार्न कानुन बनाउन आवश्यक भए पनि आवश्यकताअनुसार स्थापना भएका संस्थाहरूको औचित्य पुष्टि गर्न भने सकेको देखिँदैन ।

हरेक पटक सरकार आउँदैपिच्छे नयाँ सरकारी संस्था खडा गर्नु राज्यलाई भार थप्नुबाहेक अरू केही नभएको प्रस्ट भइसकेको छ । सरकारी स्वामित्वमा अहिले पनि निफ्रा, एचआईडीसीएल, नगर विकास कोषजस्ता अन्य धेरै संस्था सक्रिय छन्, तर काम गर्न नसकेका धेरै उदाहरणहरू पनि छन् । संसदीय समितिमा केही सांसदले पनि सरकारले ल्याएको यो विधेयकको आवश्यकता नै नभएको बताएका छन् ।

# राष्ट्र बैंकमा थुप्रिएको वित्तीय प्रणालीको पैसा घटेर ४ खर्बमा सीमित

काठमाडौं साउन २९, केन्द्रीय बैंकसँग वित्तीय प्रणालीको ६ खर्ब ६९ अर्ब रुपैयाँ बक्यौता थियो । यो रकम शुक्रबार घटेर ४ खर्ब १५ अर्बमा झरेको छ । केन्द्रीय बैंकसँग वित्तीय प्रणालीको ६ खर्ब ६९ अर्ब रुपैयाँ बक्यौता थियो । यो रकम शुक्रबार घटेर ४ खर्ब १५ अर्बमा झरेको छ । बिहीबार केन्द्रीय बैंकले लिएको स्थायी निक्षेप सुविधा अन्तर्गतको २ खर्ब ५४ अर्ब रुपैयाँ फिर्ता गरेपछि बक्यौता र कम घटेको हो ।

केन्द्रीय बैंकले स्थायी निक्षेप परिपक्व हुने दिन सार्वजनिक बिदा परेको खण्डमा अघिल्लो दिनै फिर्ता गर्छ । सोही अनुसार आइतबार सार्वजनिक बिदा भएका कारण बिहीबारको स्थायी निक्षेप आइतबार परिपक्व हुनुपर्नेमा शुक्रबार नै फिर्ता गरेको केन्द्रीय बैंकका एक अधिकारीले जानकारी दिए ।

शुक्रबार केन्द्रीय बैंकसँग निक्षेप संकलन उपकरण मार्फत खिचेको पैसा ४ खर्ब १५ अर्ब मात्रै बक्यौता रहेको हो । आर्थिक गतिविधिमा आएको सुस्तताका कारण समग्र बजार माग बढ्न सकेको छैन । बजार माग नबढेपछि उपभोग पनि बढ्न सकेको छैन । त्यसले गर्दा बैंक तथा वित्तीय संस्थाको कर्जा लगानी समेत अपेक्षा अनुसार बढ्न सकेको छैन ।

रेमिट्यान्स आप्रवाहमा निरन्तर सुधार आए पनि उपभोगमा सुधार नआउँदा वित्तीय प्रणालीमा अधिक तरलता समस्या देखिएको हो । वित्तीय प्रणालीमा अधिक तरलता भएपछि अन्तरबैंक ब्याजदर घट्ने गर्छ । अन्तरबैंक दर घट्दा समग्र ब्याजदरलाई पनि असर गर्छ । त्यसका लागि केन्द्रीय बैंकले ब्याजदर करिडोर लागु गरेको छ ।


ब्याजदर करिडोरको तल्लो सीमा २.७५ प्रतिशतभन्दा तल अन्तर बैंक दर आएको खण्डमा राष्ट्र बैंकले निक्षेप संकलन उपकरण मार्फत तरलता खिचेर ब्याजदर बढाउँछ ।

बिहीबार मात्रै केन्द्रीय बैंकले ३५ दिन अवधिको ४० अर्ब रुपैयाँ बराबर निक्षेप संलकन उपकरण जारी गरेको थियो । उक्त

हेटौंडा उपमहानगरपालिका
१८ नम्बर वडा कार्यालयको सूचना

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तिका लागि जन्म, मृत्यु, बिवाह, बसाइँसराइ र सम्बन्ध बिच्छेद लगायतका व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं/गराऔं ।

अनिल कुमार बानियाँ
वडा अध्यक्ष तथा
१८ नम्बर वडा कार्यालय परिवार



# शान्ति वार्तामा युक्रेनको सहभागिता अनिवार्य गर्न युरोपेली राष्ट्रको माग

काठमाडौं साउन २५, युरोपेली राष्ट्रहरूले युक्रेनसँगको युद्ध अन्त्य गर्न अमेरिकाले रसियासँग गर्न लागेको शान्ति वार्तामा किभको सहभागिता अनिवार्य हुनुपर्ने माग गरेका छन् । २५ साउन, काठमाडौं । 'रुसले गरेको अपराधको पुरस्कार हामी दिँदैनौं,' जेलेन्स्कीले टेलिग्राममार्फत भने,'हाम्रो विरुद्ध गरिएका, युक्रेन बिना गरिएका निर्णयहरू शान्तिको विरुद्ध हुने निर्णयहरू हुन् ।'

युरोपेली राष्ट्रहरूले युक्रेनसँगको युद्ध अन्त्य गर्न अमेरिकाले रसियासँग गर्न लागेको शान्ति वार्तामा किभको सहभागिता अनिवार्य हुनुपर्ने माग गरेका छन् । उनीहरूले रसियासँगको कुनै पनि शान्ति वार्तामा किभ (युक्रेन) लाई अनिवार्य रूपमा सहभागी गराउनुपर्ने अडान लिएका छन् ।

बेलायत, फ्रान्स, इटाली, जर्मनी, पोल्याण्ड, फिनल्याण्ड र युरोपेली आयोगका नेताहरूले संयुक्त वक्तव्य जारी गरेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच आउँदो शुक्रबार अलास्कामा हुने बैठकअघि उनीहरूको धारणा आएको हो ।

बीबीसीका अनुसार ह्वाइट हाउसका एक अधिकारीका अनुसार, राष्ट्रपति ट्रम्प युक्रेनी राष्ट्रपति भोलोदीमिर जेलेन्स्कीसमेत सहभागी हुने गरी त्रिपक्षीय बैठक गर्न इच्छुक छन्। तर हालका लागि यो बैठक पुटिनको माग अनुसार ट्रम्प-पुटिन शिखर बैठक मात्र रहने भनिएको छ । युक्रेनका राष्ट्रपति जेलेन्स्कीले किभको सहभागिता बिना गरिने कुनै



पनि सम्झौता 'डेड डिसिजन' हुने बताएका छन् । ट्रम्पले यसअघि पत्रकारहरूसँग कुरा गर्दै पुटिन र जेलेन्स्की दुवैको उपस्थितिमा त्रिपक्षीय वार्ता गर्न सकिने सम्भावना पनि रहेको बताएका थिए ।

तर पुटिन जेलेन्स्कीसँग वार्ता गर्न सहमत हुन्छन् कि हुँदैनन् भन्ने स्पष्ट छैन। उनले धेरै पटक प्रत्यक्ष वार्ता अस्वीकार गरिसकेका छन् । तीन वर्षभन्दा बढी समय अघिदेखि सुरु भएको युक्रेनमाथिको रूसी आक्रमणपछिको कुनै पनि प्रत्यक्ष बैठक जेलेन्स्की र पुटिनबीच भएको छैन।

गत शुक्रबार बोल्दै ट्रम्पले मस्को र किभबीच सम्झौता गराउन केही भूभाग साटासाट हुन सक्ने उल्लेख गरेका थिए । ट्रम्पको अभिव्यक्तिप्रति राष्ट्रपति जेलेन्स्कीले कडा प्रतिक्रिया जनाएका छन्। 'रुसले गरेको अपराधको पुरस्कार हामी दिँदैनौं,' उनले टेलिग्राममार्फत भने,'हाम्रो विरुद्ध गरिएका, युक्रेन बिना गरिएका निर्णयहरू शान्तिको विरुद्ध हुने निर्णयहरू हुन् ।'

**युक्रेनी राष्ट्रपतिले भने : हाम्रो देशको भूमि छोड्दैनौं**

२५, अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले युक्रेन र रुसबीचको युद्ध अन्त्यका लागि किएभले आफ्नो केही भूभागमाथिको दाबी छाड्नु पर्ने हुनसक्ने सङ्केत गरेको केही घण्टामै युक्रेनी राष्ट्रपतिले त्यसका लागि आफ्नो देश तयार नभएको बताएका छन् । भोलोदिमिर जेलेन्स्कीले "अतिक्रमणकारीलाई आफ्नो देशको भूमि नदिने" प्रतिक्रिया दिएका छन्।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग १५ अगस्टमा अलास्कामा भेट गर्नुअघि अमेरिकी राष्ट्रपति ट्रम्पले दुई देशबीचको युद्ध अन्त्यका लागि केही भूभाग "सट्टापट्टा गर्नुपर्ने हुन सक्ने" बताएका थिए । प्रतिक्रियामा जेलेन्स्कीले युक्रेनको सहमति बिना हुने कुनै पनि निर्णयले "परिणाम हासिल नगर्ने" बताएका छन्। उनले त्यसलाई "शान्ति विरुद्धको समाधान"को संज्ञा दिएका छन् ।

यद्यपि जेलेन्स्कीले "वास्तविक शान्ति"का लागि ट्रम्पले युक्रेनका सबै साझेदारहरूलाई पनि साथ लिएर समाधान खोजुन् भन्ने आफ्नो देशले चाहेको बताएका छन् ।

ट्रम्प र पुटिनबीच हुन लागेको भेटबारे उनले भने, "यो युद्धबाट धेरै टाढा, हाम्रो भूमिलाई क्रोधित बनाउने गरी र हाम्रा जनता विरुद्ध हुन लागिरहेको छ। यो हामी बिना, युक्रेन बिना सम्पन्न हुन सक्दैन ।" अमेरिकी राष्ट्रपति ट्रम्प र रुसी राष्ट्रपति पुटिनबीच युक्रेनमा भइरहेको युद्धको भविष्यका विषयमा छलफल गर्न आउँदो शुक्रवार अलास्कामा भेट हुने तय भएको छ । ट्रम्पले त्यस्तो भेटवार्ताको घोषणा सामाजिक सञ्जालमा एक सन्देश लेखेर गरेका थिए । जसलाई पछि क्रेमलिनका एक जना प्रवक्ताले पुष्टि गर्दै अलास्का सापेक्षित रूपमा रुसबाट नजिक भएको भन्दै वार्तास्थल "एकदम युक्तिसङ्गत" भएको बताएका थिए ।

ती प्रवक्ताका अनुसार सम्भावित दोस्रो शिखर बैठकका लागि ट्रम्पलाई रुसमा निम्त्याइएको छ। यस विषयमा युक्रेनको तर्फबाट तत्काल प्रतिक्रिया आइसकेको छैन ।

# खेलकुद विकास परिषद् लथालिङ्ग

सत्तारुढ दल कांग्रेस–एमालेबिच लडाइँ हुँदा सबैभन्दा लथालिङ्ग बनेको संरचना प्रदेश खेलकुद विकास परिषद् हो । सामाजिक विकास मन्त्रालय अन्तर्गतको यो संरचना ०८१ पुसदेखि सदस्यसचिव विहीन छ । जबकि सामाजिक विकास मन्त्रालय कांग्रेसले नेतृत्व गरिरहेको छ ।

यस हिसाबले कांग्रेसले सदस्यसचिव आफूले पाउनुपर्ने अडान राखेको छ, तर मुख्यमन्त्री यामलाल कँडेल आफू निकट व्यक्तिलाई त्यहाँ ल्याउन चाहन्छन् । अर्कातर्फ पुस महिनासम्मै ९९ प्रतिशत काम सम्पन्न भएको भनिएको प्रदेश गौरवको आयोजनाको रूपमा रहेको प्रादेशिक रङ्गशाला अझै सम्पन्न भएको छैन । अहिलेसम्म प्रदेश सरकारलाई रङ्गशाला हस्तान्तरण नै गरिएको छैन । देशकै उदाहरणीय भनेर चर्चा पाएको रङ्गशाला अलपत्र छ ।

कर्णालीमा पहिलो पटक हुने भनिएको दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता समयमै गराउन अहिलेको सरकारले पहल गर्न सकेन । ०८१ मंसिरमै हुने भनिएको उक्त प्रतियोगिता पटक-पटक सारियो । प्रतियोगिता अब कहिले हुन्छ भन्ने यकिनसमेत छैन, जसका कारण खेल गतिविधि ठप्प छन् । सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले अबको केही समयमै परिषद्ले पूर्णता पाउने बताए ।






# मुख्यमन्त्रीको एकलौटी शैली, कांग्रेसको दोहोरो चरित्र

सत्ता साझेदार दलभित्रको लडाइँले प्रमुख प्रतिपक्ष दल नेकपा (माओवादी केन्द्र) नै अचम्मित छ । माओवादीले यसलाई सरकारप्रति सत्ता साझेदारहरूको गैरजिम्मेवारपनको पराकाष्ठाको रूपमा विश्लेषण गरेको छ । माओवादी सांसद मंगलबहादुर शाहीको बुझाइमा मुख्यमन्त्री यामलाल कँडेल कसैको सल्लाह नलिने, कसैले दिए पनि ग्रहण नगर्ने र एक्लै अगाडि बढ्ने शैलीका व्यक्ति हुन् ।

अर्कातर्फ कांग्रेसको दोहोरो चरित्र छ । यी दुई कारणले गठबन्धनभित्रै लडाइँ बढेको र त्यसको प्रत्यक्ष असर कर्णालीको विकास र नीति, निर्माणका परेको सांसद शाहीको भनाइ छ । 'यदि मुख्यमन्त्रीको शैली ठिक छैन भने कांग्रेसले गठबन्धन छोड्नुपर्‍यो, हो



इन भने सत्तामा बसेर प्रतिपक्षभन्दा चर्को स्वरमा सरकारकै विरोध गर्नु सुहाउँदैन,' उनले रातोपाटीसँग भने, 'कांग्रेसकै सांसदले संसद् अवरुद्ध गर्ने, दलको नेता र मन्त्रीले सरकारको निर्णयको विरोध गर्ने, अनि फेरि त्यही सरकारमा टाँसिइरहनु, यो त विरोधाभासपूर्ण भयो ।'

माओवादी संसदीय दलका नेता राजकुमार शर्मा पनि कँडेल नेतृत्वको सरकार असफल साबित भएको टिप्पणी गर्छन् । गठबन्धनभित्रकै लडाइँकै कारणा प्रादेशिक रङ्गशालाको भुक्तानीदेखि विभिन्न विकासका काममा असर परेको उनको भनाइ छ ।

शर्माले संवैधानिक निकायहरूमा नियुक्ति हुन नसकेको, चिसापानी लगायतका अन्य स्थानमा खेलकुद पूर्वाधार निर्माणको बजेट कार्यान्वयन नभएको र ठेक्का प्रक्रिया रोकिएको भन्दै सरकारको कार्यक्षमतामाथि नै प्रश्न उठाए ।

कांग्रेसको भूमिकामाथि प्रश्न उठाउँदै शर्माले भने, 'विरोध पनि गर्ने, जुको टाँसिएजस्तो सरकारमा पनि टाँसिरहने प्रवृत्ति भयो ।' गठबन्धनभित्रकै लडाइँकै कारणा प्रादेशिक रङ्गशालाको भुक्तानीदेखि विभिन्न विकासका काममा असर परेको उनको भनाइ छ ।

**सत्ता साझेदार दलका नेताहरू के भन्छन् ?**

सत्तारुढ दलका सांसदहरू भने विवादलाई स्वीकार्दै समाधानका लागि संवाद र जिम्मेवारीबोधमा जोड दिन्छन् । उनीहरूका अनुसार फरक सिद्धान्त बोकेका दलहरूबिच असमझदारी स्वाभाविक भए पनि यसले विकास निर्माण र नीतिगत निर्णयमा भने असर पार्छ नै ।

सरकारका प्रवक्ता विनोदकुमार शाह गठबन्धनमा फरक-फरक उद्देश्य बोकेका दलहरूबिच कहिलेकाहीँ असमझदारी देखिनु स्वाभाविक ठान्छन्, तर त्यसको समाधान सार्वजनिक आरोप-प्रत्यारोप नभइ आन्तरिक संवाद भएको उनको तर्क छ ।

शाहले भने, 'कतिपय विषयमा कांग्रेसका साथीहरूले सार्वजनिक रूपमा बोल्नुभएको छ । यसो गर्दा गठबन्धनको कमजोरीमात्रै देखिन्छ । यस्ता विषय आपसमै छलफल गरेर सल्टाउनुपर्छ भन्ने हाम्रो (एमाले) भनाइ हो ।'

एमाले कर्णाली प्रदेश संसदीय दलका प्रमुख सचेतक टेकराज पछाई यस्ता विवादले सरकारको काम र विकास निर्माणमा प्रत्यक्ष असर पार्ने बताउँछन् । उनका अनुसार, सामान्य विवादले ठुलो असर नगरे पनि लामो समयसम्म रहने कीचङ्गलले दीर्घकालीन प्रभाव पार्छ नै ।

संवैधानिक नियुक्ति र रङ्गशालाको भुक्तानीजस्ता विषयमा ढिलाइ हुनुको कारण यही असमझदारी र समन्वयको अभाव रहेको पछाईले बताए । उनका अनुसार, यस्ता राजनीतिक किचलोले मन्त्रालयको नियमित प्रशासनिक काम नरोकिए पनि नीतिगत निर्णय, कार्यविधि निर्माण र दलहरूबीच सहमति चाहिने महत्त्वपूर्ण विषय भने प्रभावित हुन्छन् ।

पूर्वअर्थमन्त्री तथा कांग्रेस सांसद वेदराज सिंह दलका नेताहरू नै जिम्मेवार हुनुपर्नेमा जोड दिन्छन् । दुई फरक विचार र आदर्श भएका पार्टीबिच सहकार्यसँगै प्रतिस्पर्धा पनि हुने भएकाले सानातिना मतभेदलाई अस्वाभाविक मान्न नहुने उनको तर्क छ ।






# योजना बैंक र योजना छनोट कार्यविधिकै आलोचना




*कर्णाली प्रदेश सरकारले बजेट ल्याउनु अघि विकास निर्माणका योजनाहरूलाई वैज्ञानिक, पारदर्शी र व्यवस्थित बनाउन 'योजना बैंक' को अवधारणा ल्यायो । यसको मुख्य उद्देश्य पहुँच र प्रभावका आधारमा छरिने टुक्रे योजनाहरूलाई निरुत्साहित गरी आवश्यकता र प्राथमिकताका आधारमा ठुला र परिणाममुखी योजना छनोट गर्नु थियो ।*

*यसका लागि प्रदेश योजना आयोगले एक 'योजना छनोट कार्यविधि' पनि बनाएको थियो । मुख्यमन्त्री कँडेलले यसैलाई आफ्नो प्रमुख उपलब्धि पनि मान्दै आएका छन् । तर, चालु आर्थिक वर्षको योजना छनोटदेखि प्राथमिकीकरणमै सत्तादेखि विपक्षी दलका सांसदहरूले चर्को आलोचना गरिरहेका छन् । मुख्यमन्त्री कँडेलले कार्यविधि निर्माणका क्रममा भनेका थिए- अब पहुँचका भरमा झ्यालबाट योजना हाल्ने विकृत अवस्थाको अन्त्य हुने छ ।*

*यद्यपि चालु आर्थिक वर्षको बजेटमा सबैभन्दा ठुलो विवाद भयो । छनोट कार्यविधि अनुसार जिल्लाबाट आएका योजना समावेश नभएको बरु बाहिरबाट योजनाहरू समावेश भएको सांसदहरू बताउँछन् । प्रतिपक्षले योजना बैंक पारदर्शी नभएको भन्दै संसद अवरुद्ध गर्‍यो । मुख्यमन्त्री कँडेल योजना बैंकमार्फत आएका योजनालाई मात्र बजेटमा राख्नुपर्ने पक्षमा थिए, तर अधिकांश मन्त्री र सांसदले राजनीतिक दबाब र पहुँचका आधारमा योजना बैंक बाहिरका योजनाहरू सिधै घुसाउने प्रयास गरे ।*

## मुख्यमन्त्रीको कार्यदक्षतामाथि प्रश्न

*यामलाल कँडेल जब विपक्षी दलको नेता थिए, त्यो वेला निकै आक्रोशित सुनिन्थे । उनको निष्कर्ष हुन्थ्यो- कर्णाली बनाउने कुरामा माओवादी-कांग्रेस 'फेलियर' भइसके । अब कर्णाली समृद्धिको नेतृत्व एमालेले मात्र गर्न सक्छ ।*

*तर, कँडेल मुख्यमन्त्री बनेको एक वर्ष बितिसक्दा पनि सरकारलाई गति दिन सकेका छैनन् । उनले आफ्नो क्षमता प्रदर्शन गर्न सकिरहेका छैनन् । कँडेलले सार्वजनिक फोरमहरूमै स्वीकार गर्न थालेका छन्-सोचेजस्तो काम गर्न गाह्रो रहेछ ।*

*पूर्व कानुनमन्त्री कृष्णबहादुर जिसी मुख्यमन्त्रीले जुन रूपमा कार्यकुशलता देखाउनुपर्थ्यो, त्यो अनुसार देखाउन नसकेको बताउँछन् । 'प्रतिपक्षमा हुँदा जसरी गर्जिनुहुन्थ्यो, जुन उहाँमा हुटहुटी थियो, अहिले शिथिल बनेजस्तो लाग्छ,' उनले भने ।*

*मुख्यमन्त्री कँडेलले साउन २१ गतेको प्रदेश सभा बैठकमा 'एक्लो प्रयास'ले काम गर्न निकै गाह्रो भइरहेको बताए । 'जति गर्नुपर्थ्यो, त्यो प्रगति हुन सकेन,' उनले भने, 'यद्यपि निराशै हुनुपर्ने अवस्था छैन ।'*

*कँडेलले 'एक्लो प्रयास' भनेर सत्ता साझेदार दल कांग्रेसको साथ नपाएकोतर्फ सङ्केत गरेको एमाले नेताहरू बताउँछन् । अहिले संसदमा कँडेलको आवाज पनि निकै कमजोर सुनिन्छ ।*

*सरकारको नेतृत्व गरिरहेको हुँदा संवैधानिक निकायलाई पूर्णता दिनु, कानुनका पालना गराउने र आफ्ना मन्त्रिपरिषद् सदस्यहरूलाई जिम्मेवार बनाउने कुरामा उनी चुकेका छन् । सत्ता साझेदार दलसँग समन्वय गर्ने कुरामा पनि उनी असफल देखिएका छन् ।*



# अदिती बुढाथोकी काठमाडौं स्पाइकर्सको गुडविल एम्बासडर

काठमाडौं साउन २९, वात्सल्य एभरेष्ट महिला भलिबल लिग (इडब्लुभीएल) को फ्रेन्चाइज टोली काठमाडौं स्पाइकर्सले मुम्बई बेस्ड चर्चित नेपाली मोडल, नायिका तथा इन्फ्लुएन्सर अदिती बुढाथोकीलाई गुडविल एम्बासडर नियुक्त गरेको छ । काठमाडौं स्पाइकर्सले बिहीबार अदितीलाई गुडबिल एम्बासडर नियुक्त गरेको घोषणा गरेको हो । सानै देखि खेलकुदमा रुची राख्ने अदितीको बास्केटबल, टेबलटेनिस र स्विमिङ जस्ता खेलमा धेरै रुची छ ।



नेपालको राष्ट्रिय खेल भलिबल, त्यसमा पनि महिला लिगको फ्रेन्चाइज टिममा गुडविल एम्बासडरको रुपमा जोडिन पाउँदा एकदमै खुशी लागेको अदितीले बताइन् । 'एभरेष्ट महिला भलिबल लिग (इडब्लुभीएल) नेपाली महिला भलिबलका लागि ऐतिहासिक प्रतियोगिता हो । यसमा पनि राजधानीको प्रतिनिधित्व गर्ने टिम काठमाडौं स्पाइकर्समा जोडिन पाउँदा म एकदमै खुशी छु ।' अदितीले भनिन् ।

'जीवनमा केही कुरा यस्ता हुन्छन् जसको अनुभूति तपाईंको मनको गहिराइमा हुन्छ । ईडब्लुभी लिगको दोस्रो संस्करणमा काठमाडौं स्पाइकरको गुडविल एम्बासडर हुनु मेरो लागि त्यस्तै कुरा हो ।,' अदितीले भनिन्, 'हरेकपटक जब म यी एथलीटहरूलाई कोर्टमा प्रवेश गर्न देख्छु, म गर्वको एक अद्भुत लहर महसुस गर्छु । उनीहरूले खेल खेल्दा नयाँ पुस्ताका बालिकाहरूलाई बलियो हुनु, निडर हुनु र आफ्नो सपनालाई सम्पूर्ण समर्पणका साथ पछ्याउनु भन्ने कुरा देखाइरहेका हुन्छन् ।' लिगको वास्तविक उद्देश्य यही भएको उनले बताईन् । अदितीले भर्खरै केही समयअघि लण्डनमा भएको वर्ल्ड च्याम्पियन लेजेण्ड लिग (डब्लुसिएल) मा डिजिटल प्रिजेन्टरको भूमिकामा काम समेत गरेकी थिइन् । जहाँ उनले विश्वकै दिग्गज क्रिकेटहरुसँग अन्तर्वार्ता गर्ने र सामाजिक सञ्जालका लागि कन्टेन्टहरु उत्पादन गर्ने काम गरेकी थिइन् ।

अदितीले एभरेष्ट महिला भलिबल लिग नेपाली महिला भलिबल खेलाडीको विकास र नेपाली भलिबल विकासकै लागि कोशेढुंगा हुने बताइन् । भारतको चलचित्र नगरीको रुपमा परिचित मुम्बईमा बसेर आफ्नो काम अघि बढाइरहेकी अदितीले नेपालमा आएर चलचित्र समेत खेलेकी थिइन् । उनले सन् २०१८ मा कृ र २०२३ मा बाबरी फिल्ममा अभिनय गरेकी थिइन् । यस्तै उनको अभिनय रहेको देवयोल अम्याजन प्राइम सिरिज लन्च हुने क्रममा छ ।

यस बाहेक अदितीले विभिन्न म्युजिक भिडियो देखि एडहरुमा समेत काम गरिसकेकी हुन् । उनले भारतीय म्युजिक भिडियोहरु 'तु मेरा नही', 'इमान तु', 'माहिया तुयादा कर', 'इन्नी सी गल', 'परन्दा', 'हावा बन्के' लगायतमा अभिनय गरेकी छन् ।

नेपाली राष्ट्रिय महिला भलिबल टिमकी मुख्य स्पाइकर उषा भण्डारी मार्की प्लेअर रहेको काठमाडौं स्पाइकर्समा मनिषा चौधरी, यमुना रसाइँली, रिमा कुँवर, बाल्मिका आचार्य, कमला पुन, आशिका क्षेत्री, भुवनेश्वरी चन्द छन् ।

यस्तै काठमाडौं दुई विदेशी खेलाडी बुल्गेरियन सेटर कोभा निकोलाएभा र काजकिस्तानकी अपोजिट हिटर अलेना कोलोतीजिनालाई अनुबन्ध गरिसकेको छ । दोस्रो संस्करणका लागि काठमाडौंले लोक बहादुर बुढालाई मुख्य प्रशिक्षकमा नियुक्त गरेको छ ।

पहिलो संस्करणको लिगमा तेस्रो भएको काठमाडौं स्पाइकर्सले दोस्रो सिजन अझ बलियो भएर आउने र कोर्टमा उत्कृष्ट प्रदर्शन गर्ने लक्ष्य राखेको छ ।

ईन्फिनिटी ड्रिम्सको आयोजनामा वात्सल्य एभरेष्ट महिला भलिबल लिग (इडब्लुभि) को दोस्रो संस्करण आगामी भदौ २० देखि २८ गतेसम्म (सेप्टेम्बर ५-१३) हुनेछ ।

यस्तै काठमाडौं दुई विदेशी खेलाडी बुल्गेरियन सेटर कोभा निकोलाएभा र काजकिस्तानकी अपोजिट हिटर अलेना कोलोतीजिनालाई अनुबन्ध गरिसकेको छ ।

# एसियन पावरलिफ्टिङ च्याम्पियनसिपको तयारी पूरा




काठमाडौं । नेपालमा शुक्रबारबाट सुरु हुने एसियन पावरलिफ्टिङ च्याम्पियनसिपको तयारी पुरा भएको छ । नेपाली युथ फिटनेस एण्ड केलिसेनिक्सले बिहीबार पत्रकार सम्मेलनको आयोजना गरेर प्रतियोगिताको सम्पूर्ण तयारी पुरा भएको जनाएको हो ।

आयोजक संस्थाका अध्यक्ष सुकदेव कार्कीले नेपालमा पहिलो पटक आयोजना गर्न लागिएको प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भैसकेको बताए । कार्कीले पावरलिफ्टिङको इतिहासमा पहिलो पटक आयोजना हुन लागेको प्रतियोगितामा नेपाल सहित भारत, अष्ट्रेलिया, श्रीलंका, पाकिस्तानलगायत एसियाली मुलुकबाट १ सय २० बढी खेलाडी सहभागी हुन लागेको जानकार दिए ।

प्रतियोगितामा पावरलिफ्टिङ, बेन्च प्रेस वन्ली र डेडलिफ्ट वन्ली गरी तीन विधा समावेश गरिएको छ । हरेक विधामा १६ वटा तौल समूहलाई समावेश गरिएको आयोजकले जनाएको छ । प्रतियोगितामा कुल १ हजार १ सय ५२ वटा फरक समूहमा सहभागी खेलाडीबीच प्रतिस्पर्धा हुनेछ ।

प्रत्येक तौल र उमेर समूह अन्तर्गतको खेलमा पहिलो, दितीय र तृतीय स्थान हासिल गर्न सफल खेलाडीलाई प्रोत्साहन स्वरुप मेडल, ट्रफी र आकर्षक उपहार प्रदान गरिने बताईएको छ । नेपालमा पहिलो पटक नीजि क्षेत्रको संस्थाले एन्टिडोपिङ परिक्षण गराएर अन्तराष्ट्रिय स्तरको एसियन पावरलिफ्टिङ च्याम्पियनसिप आयोजना गर्न लागिएको आयोजकले बताएको छ । प्रतियोगिता तीन दिनसम्म काठमाडौंमा सञ्चालन हुनेछ ।

त्यस्तै, नेपाली तेक्वान्दो खेलाडीले आठौं गेविन मलेसिया खुला अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा शनिबार २ स्वर्ण र १ रजत गरी ३ पदक जितेका छन् । मलेसियाको क्वालालम्पुरमा भएको प्रतियोगिताको पुरुष ६६ केजीमुनि गोविन्द योञ्जन तामाङ तथा स्पिड किकमा आयुश बोहराले नेपाललाई स्वर्ण दिलाए । गोविन्दले पाकिस्तान तथा आयुशले मलेसियाका खेलाडीलाई पराजित गरेको प्रशिक्षक श्रीकृष्ण खड्काले जनाएका छन् ।

पुरुष ७४ केजीमुनि सन्दिप बस्नेतले रजत हात पारे । सन्दिप फाइनलमा पाकिस्तानी खेलाडीसंग पराजित भए । टोली प्रमुखमा महेन्द्रराज घिमिरे तथा व्यवस्थापकमा गणेशबहादुर खड्का रहेका छन् ।

www.prabhubank.com
Khutruke Saving Account
It's really easy.
What are you waiting for ?
Saving for tomorrow start today.
Open a Prabhu Khutruke Saving Account for your child and witness the growth of your child with an understanding of their financial responsibility.
• Interest calculation on daily basis.
• Quarterly interest payment
• Minimum Balance Rs. 1000/-



PRABHU BANK
विश्वास छर्दै, विश्वास जित्दै, अघि बढ्दै
Prabhu Building, Babarmahal, Post Box no.: 19441
Phone: +977 1 4788500, Fax: +977 1 4780588
E-mail: info@prabhubank.com
Toll Free No.: 16600107777
www.prabhubank.com
Swift Code: PRVUNPKA

उच्च गतिको डाटा सेवा, नेपाल भर
NT 4G LTE
सेवा सुचारू गर्नको लागि
*444# डायल गर्नुहोस् ।
राष्ट्रको सञ्चार
Nepal Telecom
www.ntc.net.np twitter.com/ndcl_nt facebook.com/NepalTelecom.NT instagram.com/nepaltelecomofficial

डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध ।
सुख्खा तथा हावाहुरीको मौसममा आगोको सानो झिल्कोले वन जंगलमा डढेंलो फैलिन गई वन, वन्यजन्तु र मानवीय क्षति समेत पुऱ्याउँन सक्ने हुँदा डढेंलो लाग्नबाट जोगाउँन विशेष सावधानी अपनाऔं ।
डिभिजन वन कार्यालय, मकवानपुर

## यही समीकरण.....

तर, विपक्षी दलहरूलाई किन स्थिरता अप्रिय लागेको ? भन्दै प्रधानमन्त्री ओलीले प्रश्न गरे ।

'तर, विपक्षमा रहेका दलहरूलाई स्थिरता कति अप्रिय लागेको हो ? प्रमुख दल कांग्रेस र एमाले मात्रैको संसद्मा भारी बहुमत छ, त्यसमाथि अन्य दलहरू समेत यस सरकारमा सहभागी छन् । सरकार बनाउने संसद्को गणितले हो,' प्रधानमन्त्री ओलीले भने, 'बालियो संसदीय गणितको जगमा उभिएको सरकार आजै ढल्छ, भोलि नै ढल्छ भनेर अस्थिरताका लागि हल्ला पिटिरहनेजस्तो अस्थिरताको यो पक्षपोषण के-का लागि ?'

अस्थिरताको जतिसुकै चाहना राखे पनि आगामी ०८४ सालको निर्वाचनसम्म यही समीकरण रहने उनले दाबी गरे । 'देशका लागि, राजनीति र नीतिगत स्थिरताका लागि त यो पक्कै होइन, र हुन सक्दैन । म सबैलाई स्पष्ट पार्न चाहन्छु, अस्थिरताको जतिसुकै चाहना राखे पनि आगामी ०८४ सालको निर्वाचनसम्म यही राजनीतिक समीकरण अगाडि बढ्छ,' प्रधानमन्त्री ओलीले भने ।

## राष्ट्रिय .....

यक'को मस्यौदाअनुसार कानुन बने संविधानको मर्मविपरीत व्यक्तिको गोपनीयताको हक खण्डित हुने देखिन्छ,' साउदले भने।

आफ्नो नाम र कामले पनि पारदर्शीतापूर्ण कार्यशैली नभएको गुप्तचर विभागमा व्यक्तिका निजी जीवनहरू रेकर्ड हुने, अभिलेखीकरण हुने वा टेप हुने कानूनले संविधानको स्वतन्त्रताको पैरबी गर्ने छविमा गम्भीर आघात पुगेको उनले जिकिर गरे।

'देशको सुरक्षाका लागि प्रतिगुप्तचरी कार्य र आन्तरिक सुरक्षाका लागि पनि सूचना संकलन गर्ने महत्वपूर्ण निकायलाई कार्यक्षेत्र बाहिर न्यायिक नियमन बिना नै निजी जीवनसम्म प्रवेश गर्ने कानुनी अधिकार प्रदान गर्दा व्यक्तिगत स्वतन्त्रता हनन् भएकाले यो विधेयक मात्रै होइन, यस्तो प्रकृतिका विधेयकमा पनि संविधान परिपालनको कुरालाई दृष्टिगत गरेर प्रस्तुत हुन म सरकारको ध्यानाकर्षण गराउँदछु,' साउदले भने ।

उनले संसद्मा लेखक जर्ज अर्वेलको सन् १९४८ मा लेखिएको पुस्तक 'नाइन्टिन एट्टी फोर' ९१९८४०को प्रसंग निकाल्दै १९८४ सम्म समाजका यावत गतिविधिमाथि 'बिग ब्रदर'रूपी राज्यबाट निगरानी गरिने कुराको परिकल्पना गरिएको स्मरण गराए ।

जर्ज अर्वेलको पुस्तकमा सत्तावादी शासन, अत्यधिक निगरानी, र विचार नियन्त्रणले मानिसको व्यक्तिगत स्वतन्त्रता र सत्यलाई पूर्णरूपमा नष्ट गर्न सक्ने चेतावनी दिइएको छ ।

राज्यले सम्पूर्ण सूचना, इतिहास र भाषालाई आफ्नो नियन्त्रणमा लिँदा नागरिकले स्वतन्त्र रूपमा सोच्ने क्षमता गुमाउने र स्वतन्त्र जीवन बिताउने अधिकार पनि गुमाउने पुस्तकमा उल्लेख छ ।

## प्रधानमन्त्रीद्वारा....

सहअध्यक्षता गर्नुका साथै अन्य विविध कार्यक्रममा सम्बोधन गरेको जानकारी गराए ।

ओलीले विभिन्न देशका प्रतिनिधिमण्डल प्रमुख र संयुक्त राष्ट्रसङ्घ तथा अन्य अन्तर्राष्ट्रिय संस्थाका उच्चपदस्थ अधिकारीहरूसँग भेटवार्ता गरेको समुद्रमा प्रत्यक्ष क्षेत्रीय पहुँच नभएका कारण भूपरिवेष्टित विकासशील देशहरूले अन्तर्राष्ट्रिय व्यापार, कनेक्टिभिटी र आर्थिक विकासको चुनौती सामना गरिरहेको बारे धारणा राखेको बताए ।

प्रत्यक्ष पहुँचका अभावमा विश्वव्यापी बजारबाट उल्लेखनीय लाभ लिन नसकेको, यातायातको विश्वव्यापी सहज सञ्जाल नभएको र खाद्य पूर्वाधार विकास गर्न कठिन रहेको अवस्थामा दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न सम्मेलन फलदायी भएको ओलीले बताए ।

## २७ न्यायाधीश....

विभिन्न राष्ट्रिय सम्मेलनहरू, सल्लाहकार समितिका बैठकहरू तथा केन्द्रीय समितिका बारम्बारका निर्णयहरूबाट निरन्तर व्यक्त गर्दै आएको अडानकै निरन्तरता हो।

न्याय परिषद्को संशोधित र विभेदलाई प्रश्रय दिने नियमावली तत्काल खारेज हुनुपर्ने, न्यायाधीश नियुक्तिका लागि पारदर्शी, वस्तुनिष्ठ र पूर्वानुमानयोग्य मापदण्ड निर्धारण गरिनुपर्ने र संविधानको मर्मबमोजिम समानुपातिक समावेशी सिद्धान्तलाई पूर्णतः कार्यान्वयन गरिनुपर्ने बारको अविचलित रहेको विज्ञप्तिमा छ ।

'यो माग पूरा नभएसम्म र उक्त संशोधित नियमावली खारेज नभएसम्म न्याय परिषदबाट हुने कुनै पनि नियुक्तिलाई नेपाल बार एसोसिएसनले स्वागत गर्दैन,' विज्ञप्तिमा छ ।

नेपाल बार एसोसिएसन न्याय प्रणालीको एक अभिन्न अंग र सरोकारवाला मात्र नभई न्याय परिषद्को एक महत्त्वपूर्ण साझेदार पनि रहेको स्मरण गराएको छ ।

'यति महत्वपूर्ण र दूरगामी असर पार्ने निर्णय गर्दा परिषद्ले बारको सरोकारलाइ पुरै बेवास्ता गरेको छ । यो सहकार्य र पारदर्शीताको सिद्धान्त विपरीत छ । यस्ता अभ्यासले स्वेच्छाचारितालाई बढावा दिन्छ,' बारले भनेको छ,'न्यायपालिकाको स्वतन्त्रता र गरिमा अभिवृद्धि गर्ने हाम्रो अविचालित प्रतिबद्धताका बाबजुद न्याय परिषद्बाट हुने नियुक्तिहरूमा देखिएका घटनाहरूले हामीलाई बारम्बार चिन्तित तुल्याएको छ।'

न्यायाधीशको पद सार्वजनिक विश्वासको धरोहर भएकाले त्यो पद योग्यता र क्षमताको आधारमा प्रदान गरिनुपर्ने उल्लेख गरेको छ ।

'थुप्रै सुधारका प्रतिबद्धता व्यक्त गरिएको न्यायिक सुधारको प्रतिवेदनहरु केवल देखाउने आलंकारिक दस्तावेज मात्र भएका छन् । त्यसको कार्यान्वयनमा जिम्मेवार पक्ष उदासीन देखिन्छ' विज्ञप्तिमा छ ।

सर्वोच्च अदालतमा प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतको उपस्थितिमा उच्च अदालत पाटनका मुख्य न्यायाधीश लालबहादुर कुँवरले नवनियुक्त न्यायाधीशहरुलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका नियुक्ती प्रतिविरोध जनाएका हुन् ।

यही साउन २२ गतेको न्याय परिषद् बैठकले उच्च अदालतका लागि २७ न्यायाधीश नियुक्त गरी पदस्थापन गरेको थियो । त्यसप्रति नेपाल बार एसोसिएसनले भने आपत्ति जनाएको हो ।

## प्लास्टिक....

दा पाठ र संशोधित पाठ प्रस्ताव सार्वजनिक गरेका थिए ।

## राउटेका....

सहज हुने हाम्रो विश्वास हो,' भण्डारीले भने ।

कोरिडोर निर्माणको महत्वाकांक्षी योजनासँगै सरकारले राउटे समुदायको जीवनस्तरमा प्रत्यक्ष र सकारात्मक परिवर्तन ल्याउने उद्देश्यले अन्य कार्यक्रमहरु पनि अघि बढाएको छ। ती कार्यक्रम उनीहरूको स्वास्थ्य, शिक्षा र सशक्तीकरणमा केन्द्रित छन् ।

विशेषगरी स्वास्थ्य र पोषणलाई उच्च प्राथमिकतामा राखिएको छ । विकास साझेदारहरूसँगको सहकार्यमा बालबालिकादेखि वयस्कसम्मलाई पोषणयुक्त खाद्य सामग्री सुनिश्चित गरिने छ भने प्रदेशका सबै सरकारी अस्पतालमा उनीहरूका लागि निशुल्क उपचारको ढोका खुला गरिने छ । त्यसैगरी, भावी पुस्तालाई शिक्षाको उज्यालोसँग जोड्न पनि पहल गरिने मन्त्री भण्डारीले बताए ।

'राउटे बालबालिकालाई शिक्षाप्रति आकर्षित गर्न उनीहरूकै परिवेश सुहाउँदो र रुचिकर शैक्षिक सामग्रीहरू विकास गरी वितरण गर्ने योजना छ, ताकि उनीहरूले परम्परा नबिर्सी आधुनिक ज्ञान हासिल गर्न सकून्,' भण्डारीले भने ।

यी सबै कार्यक्रमलाई प्रभावकारी बनाउन राउटे समन्वय समितिको अगुवाइमा समुदायको विस्तृत प्रोफाइल तयार गरी प्रकाशन गरिने छ । उक्त प्रोफाइलले भविष्यका योजना निर्माणमा मार्गदर्शन गर्नेछ । साथै, समुदायको आवश्यकता पहिचान गरी उनीहरूको परम्परागत सीपलाई सम्मान गर्दै आवश्यक क्षमता विकासका कार्यक्रमहरू समेत सञ्चालन गरिने सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

सरकारले गत आर्थिक वर्षमा पनि राउटे समुदायलाई लत्ताकपडा, त्रिपाल र खाद्यान्नजस्ता अत्यावश्यक सामग्रीहरू उपलब्ध गराएको थियो । विभिन्न गैरसरकारी संस्थाहरूसँगको समन्वयमा भइरहेका कामहरूलाई आगामी दिनमा पनि निरन्तरता दिइने मन्त्री भण्डारीले बताए ।

## सन्ततिलाई....

गरेका छौँ । तर, त्यसको संरक्षण कसरी गर्ने भन्ने कुरामा ध्यान दिनुपर्छ । आदिवासीको पहिचान भनेको भाषा, संस्कार,संस्कृति, भेसभुसा, प्रथा जनित नियम कानुन भएको भन्दै उहाँले त्यसको संरक्षण नभएमा आदिवासीको पहिचान मेटिने बताउनुभयो । 'आफ्नो पहिचानमा गर्व गर्नुस् । आफ्नो घरमा छोराछोरीलाई भाषा सिकाउनुस् । कतिपय कानुन अझैपनि बनेका छैनन्', मन्त्री गुरुङले भन्नुभयो, 'हामीले आदिवासीको अधिकारका लागि छुट्टै मन्त्रालय । छुट्टै विश्वविद्यालयको माग गर्‍यौं । तर केही मात्रै प्राप्त भएको छ ।' मन्त्री गुरुङले आदिवासी आयोग, जातीय जनसंख्याको आधारमा प्रतिनिधित्व, धर्मनिरपेक्ष मुलुक हुनुपर्छ भनेर राखेको माग पूरा भएपनि अझैपनि थुप्रै अधिकार प्राप्त हुन बाँकी रहेको बताउनुभयो । उहाँले अन्तर्राष्ट्रिय फोरमहरूमा प्रतिनिधित्व गर्दा आफ्ना कुरा स्पष्ट रूपमा राख्नुपर्ने समेत बताउनुभयो । कार्यक्रममा बोल्दै नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष गेल्जे लामा शेर्पाले ठूला आयोजना आउन थालेपछि नेपालमा आदिवासीहरू विस्थापित हुने अवस्था आएको बताउनुभयो । 'हाम्रा चौरी खर्च, भेँडी खर्कहरूबाट आदिवासी विस्थापित हुनुपर्‍यो', अध्यक्ष शेर्पाले भन्नुभयो, 'संरक्षित क्षेत्र, राष्ट्रिय निकुञ्जका नाममा राज्यले आदिवासीको भूमि खोस्यो । आदिवासी आफ्नो थातथलो छाडेर विस्थापित हुन बाध्य भए ।'

अध्यक्ष शेर्पाले अधिकार प्राप्तिका लागि पुनः लड्नुपर्ने बेला बताउँदै संविधान संशोधन गर्दा पहिचानको अधिकार कटौती गरेमा आदिवासी जनजातिको समर्थन नरहने बताउनुभयो ।


मानव बेचबिखन अपराध हो ।

❖मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,

❖मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,

❖कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,

❖प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,

❖वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।

त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशकः नबराज न्यौपाने, सम्पादकः रिना खत्री, प्रमुख संवाददाताः मनकुमार न्यौपाने, लेआउटः राजन कठायत कार्यालयः पुतलीसडक, काठमाडौं, फोनः- ०१-४५३५००२
इमेलः newspratispardha@gmail.com, website; www.pratispardhaweekly.com मुद्रणः प्रिन्ट स्काई भुरुङ्खेल